Jana Aakash National Weekly

# जन आकाश

Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक

वर्ष-१३ , अंक- १३, २०७७ साल कार्तिक ४ गते मंगलबार (Oct 20, 2020) www.janaakash.com.np मूल्य रु १०।-

## हार्दिक शुभकामना

२०७७ सालको नेपालीहरुको महाँन चाड बिजयाँ दशमीको अवसरमा हाम्रा पाठक, सुभचिन्तक, बिज्ञापन दाता, सल्लाहकार बिज्ञहरु,लेखक, सवाददाता, लगायत देश-बिदेशमा रहनु भएका सम्पुर्ण नेपालीहरुमा हार्दिक मंगलमय शुभकामना ब्याक्त गर्दछौ ।

साथै बिश्वमा फैलिरहेको कोरोना भाईरस (कोभिड १९ ) को महामारीवाट देश बिदेशमा रहनुभएका सम्पुर्ण नेपली दाजुभाई तथा दिदीबहिनीहरु सुरक्षित रहुन् भन्ने कामना गर्दछौं ।

**जनआकाश मिडिया प्रा.लि. परिवार**

हाम्रो आउदो भेट १८ गते हुनेछ।

# विजया दशमी सवैको घर घरमा छायो

पोहोर जस्तै दशै यसपाली नि आयो ।
कोरोनको महामारीले संत्रास ल्यायो ॥
नेपालीका खुशीहरु यसपालीलाई गयो ॥।
घर घरमै बसेर दशै मनाउने दिन आयो ।
सामजिक दुरी कायम गरी ॥
टिका थाप्ने चलन आयो ॥।



- मोहन कार्की

नेपालीहरुको महान चाड बिजया दशमी यो बर्ष पनि सवैको घर आँगनमा प्रवेश गरिसकेको छ। सम्भव हुने जतिले दशैको तयारी गरिसकोका छन् । तर गएको बर्ष भन्दा यो बर्ष दशै नेपालीहरुका लागि त्यति उत्साहजनक छैन । बिश्वमा त्रासको रुपमा रहेको कोरोनाले नेपालमा पनि केही असर पारेको हुदा नेपालीहरुको जीवन यापनमा नै समस्या परेको र कोरोनको संत्रासले अझैपनि सताईराखेको छ । त्यसकारण नेपालीहरु एकठाउँवाट अर्कोठाउमा जान खुलेर सकिराखेका छैनन् । यि कारणहरुले गर्दा नेपालीहरुको महान चाडा बिजया दशमी बिगतमा जस्तो त्यति उत्साह जनक देखिदैन ।


नेपालीहरु बिजया दशमीको अवसर पारेर आफन्त नाता, कुटम्ब, आफुभन्दा ठुला मान्यजनको हातवाट टिका थापी आर्शिबाद लिने चलन छ । यो अवसरमा सवै आफ्ना घर परिवारसँग सँगै बसेर रमाउने हाशीखुसी बाडीचुडी जे जस्तो छ खाने र सवै बर्षभरीका दुख:हरु बिर्सने गर्दछन् । साना नानीहरुको त दशै झनै रमाईलो हुने गरेको हुन्छ । मामा घर जाने नयाँ नयाँ कबडा बाबा आमालाई किन्न लगाउने मेरो यति टिका थापेको दक्षिणा भयो भनेर साथीभाईमा खुशी साटसाट गर्ने, लेपिङ, रोटेपिङ खेल्ने, जस्ता चलनले नयाँ पीडिका युवाहरुलाई समेत नेपालीहरुको महान चाड बिजयाँ दशमीले सदभाव, एकता धार्मिक सहिष्णुतामा जोड्ने संस्कारको रुपमा लिदै आएको छ । शरही परिवेशमा हुर्केका युवायुवतीलाई भने रमाईलो मेला, ब्यापारमेला, लत्ता कबडा किन्न सपिङ मलहरुमा जाने गर्ने गर्दछन् र नवदुर्गा भवानीको पुजा अर्चना गरी नवरात्रीपछि बिजया दशमीको दिन टिका थापेर आ-आफ्नामा गई टिका पुर्णिमाको दिनसम्म लगाउने चलन छ ।

त्यसको अलवा धार्मिक रुपमा पनि असत्यमाथि सत्यको बिजय मानिने दशै पर्वलाई धार्मिक पराम्पराको राम्रो संस्कारको रुपमा लिइदै आएको छ । यस्ता संस्कारले नेपाली समाजलाई पनि नैतिक शिक्षा प्रदान गदै आएको छ ।

त्यसो हुदाहुदै पनि कुनैवेलाको नेपालमा माओवादीको द्वान्द्धकालले त कहिले महाभुकम्पले त कहिले कोरोनाले यो महत्वपुर्ण चाडलाई पनि प्रभावित पार्ने गरेको छ। यो बर्ष त झनै सवैभन्दा प्रभावित भएको छ। यो असत्यमाथिको सत्यको बिजयको रुपमा महान चाड बिजया दशमी नेपाल र नेपालीको लागि यो बर्षको कोरोनाको संकटलाई पार गर्ने बिजया दशमी हामी सवैको लागि बनोस ।

# पूर्वराजा शाहले विभिन्न शक्तिपीठमा दर्शन गर्ने

काठमाडौं । एक बिज्ञप्ति प्रकाशन गरी राजा ज्ञानेन्द्रले बिजया दशमीको बारेमा धारणा प्रकाशन गर्नुभएको छ । उक्त प्रकाशनमा भनिएको छ । कोरोनको असहजता स्थितिमा आस्था, मान्यता, मऱ्यार्दा र कत्ब्य शिलतालाई कायम राख्दै दशै पर्व शान्त, शालिनता र सादगीको रूपमा मनाउने निधो गरेको उल्लेख छ ।



साथै उहाले अष्टमीको दिन बिभिन्न शक्तिपीठहरूमा दर्शन गर्ने कार्यक्रम रहेको उल्लेख छ ।

घटस्थापनाको अवसरमा प्रकाशित गरिएको नोटमा उक्त कुरा उल्लेख छ ।

**यस्तो छ सूचना**

पूर्व श्री ५ महाराजधिराज ज्ञानेन्द्र बीर विक्रम शाहदेवबाट कोरोनाको असहजताको स्थितमा आस्था, मान्यता, मर्यादा र कर्तब्यशिलतालाई कायम राख्दै दशैं पर्व शान्त, शलीनता र सादगीका रूपमा मनाउने निधो गरिबक्सेको छ । साथै मौसुफबाट यस वर्ष महाअष्टमीका दिन विभिन्न शक्ति पीठहरूमा दर्शन गरि बक्सने कार्यक्रम र विजया दशमीका दिनमा टीका बक्सने कार्यक्रम नहुने व्यहोरा जानकारी गराइन्छ ।

# कृषि विकास बैंकको खल्तीसँग सम्झौता

काठमाडौं । कृषि विकास बैंकका ग्राहकले इ-बैंकिङ, मोबाइल बैंकिङ, बैंक स्मार्ट, बैंकिङ चेकआउट जस्ता विभिन्न माध्यममार्फत खल्तीमा रकम लोड गर्न सक्ने बैंकले कृषि विकास बैंक लिमिटेडले खल्ती डिजिटल वालेटसँग भुक्तानी सम्बन्धी सम्झौता गरेको छ । बैंकले इन्टरनेट र मोबाइल बैंकिङ सेवा प्रयोग गर्ने ग्राहकलाई डिजिटल भुक्तानीमा सघाउन खल्तीसँग सम्झौता गरेको हो । सम्झौताअनुसार बैंकले खल्ती डिजिटल वालेटलाई भर्चुअल मेसिन अपरेटिङ प्रणाली प्रदान गर्ने जनाइएको छरु। यसको माध्यमबाट ग्राहकले अनलाइन र अफलाइनबाट खल्तीमा रकम लोड गर्न सक्ने बैंकले जनाएको छरु। कृषि विकास बैंकका ग्राहकले इ-बैंकिङ, मोबाइल बैंकिङ, बैंक स्मार्ट, बैंकिङ चेकआउटजस्ता विभिन्न माध्यममार्फत खल्तीमा रकम लोड गर्न सक्ने बैंकले उल्लेख गरेको छ । सम्झौतामा बैंकका प्रमुख वित्त अधिकृत यज्ञप्रकाश न्यौपाने र खल्तीका निर्देशक अमित अग्रवालले हस्ताक्षर गरेका थिएरु। खल्तीसँगको सम्झौता पछि कृषि विकास बैंकका ग्राहकले बैंकको मोबाइल बैंकिङ र इन्टरनेट बैंकिङ सेवा प्रयोग गरेर उनीहरूको खल्ती वालेटमा रकम लोड गर्न सक्ने बैंकले जनाएको छ । खल्तीमा लोड गरिएको रकमबाट खल्तीको प्लेटफर्ममा रहेका सबै प्रकारका डिजिटल भुक्तानी सेवा उपयोग गर्न सक्ने जनाइएको छ। नेपालको अग्रणी बैंकको रुपमा रहेको कृषि बिकाश बैंकको स्थानीय क्षेत्र देखि शहरमा सेवा दिई आम नेपालीको मुहारमा खुशी ल्याउने बैंकको रुपमा काम गदै आएको छ।

Agricultural Development Bank Limited
कृषि विकास बैंक लिमिटेड
तपाई हाम्रो घरआँगनको बैंक


## हार्दिक शुभकामना

२०७७ सालको नेपालीहरुको महान चाड विजया दशमी, दिपावली, छठको अवसरमा सम्पुर्ण देश-बिदेशमा रहनु भएका नेपालीहरुमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछु ।

*साथै* विश्वमा फैलिरहेको कोरोना भाईरस (कोभिड १९) को महामारीबाट देश विदेशमा रहनु भएका सम्पूर्ण नेपली दाजुभाई तथा दिदीबहिनीहरु सुरक्षित रहुन् भन्ने कामना गर्दछौं ।



**दावा साङबु शेर्पा**
अध्यक्ष पश्चिमी रामेछाप पर्यटन बिकाश केन्द्र




## हार्दिक शुभकामना

२०७७ सालको नेपालीहरुको महान चाड विजया दशमी, दिपावली, छठको अवसरमा सम्पुर्ण देश-बिदेशमा रहनु भएका नेपालीहरुमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछु ।

*साथै* विश्वमा फैलिरहेको कोरोना भाईरस (कोभिड १९) को महामारीबाट देश विदेशमा रहनु भएका सम्पूर्ण नेपली दाजुभाई तथा दिदीबहिनीहरु सुरक्षित रहुन् भन्ने कामना गर्दछौं ।



**दिपेन्द्र कुमार कार्की**
प्रबन्धक निर्देशक
भुवनेश्वरी एण्ड बैभव बिल्डर्स प्रा.लि

'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'- *मोहन कार्की*

## सम्पादकीय

# दशैंलाई सदभावको रुपमा मनाऔं

विजया दशमी २०७७ सालको मुखमा आईपुगेको छ । यो पर्वको मुल्य मान्यता धार्मिक आस्था र महत्व लगायतलाई अनुसरण गर्दा कही कतै हानी नोक्सानी पुगेको देखिदैन । सवैतिर फाईदा र उत्सव खुसी, बिग्रेका सम्वन्ध समेत सुध्रेको हामीले पाउछौ । यो पर्वलाई यसैगरी सदभाव, एकता धार्मिक सहिष्णुताको रुपमा नै मनाउनु हामी सवै नेपालीहरुको हितमा हुन्छ । हुदै आएको छ ।

अर्को बिकृति पक्ष पनि छ । चाडबाडको नाममा हुने गरेको सुनिन्छ देखिन्छ । त्यस्तो घटनाहरु पछिल्ला बर्षहरुमा भईरहेका छन् । जस्तै जुवा, तास, कौडा खेल्ने, खेलाउने जाड, रक्सी खाने ख्वाउने, यो पर्वको छेका पारेर झैं झगडा गर्ने पर्वको अवसर पारेर सामान बेच्ने केही ब्यापारीले अवसर यही हो कमाउनु पर्छ भन्ने गलत नियत राखेर अनाआवश्यक सामानको भाउमा काला बजारी गर्ने जस्ता कार्यहरु गर्ने मानिसहरुको प्रबृति बढेर गएको छ । यस्ता कार्यहरु नेपाली संस्कृतिको लागि राम्रा पक्ष होईनन् र हाम्रो संस्कार भित्र पर्दैनन् । यस्तो कार्य कोही कसैले नगरुण ।

हाम्रो संस्कार त सवैमा खुशी, शान्ति, एकता, भाई भातृत्व कायम गरी सवैमा सदभाव सहित सवै नेपालीको हित चिताउने रहेको छ । यो बर्ष त कोभिड (१९) ले नेपलीहरुमा पारेको प्रभाव तनाव घटाउन सभ्य भई आ-आफनो क्षेत्रवाट जा जे सकिन्छ मानवीय धर्म सम्झेर सहयोग गरी बिपत्तमा परेका जो कोही मानवहरुलाई उद्धार गर्नु हाम्रो कत्व्य बनेको छ । यस्ता महत्वपुर्ण मानवीय कार्यहरु गरेर असल नेपाली हुनुको कत्व्य पुरा गर्न हामी पछि पर्नुहुदैन यो पनि मानवीय धर्म हो । आवसर हो । यो मानवीय कार्य गर्ने अवसर फेरी फेरी आउदैन मानवीय उद्धार सहयोग गरेर धर्म गरौं । दुर्गा भवानीले सवैको रक्षा गर्नेछन् ।

अर्कोपक्ष पर्वलाई पर्वकै रुपमा मनाउनु पर्दछ । अचेल बाहिरी देखावटी भडकिलो देखासेखी गरेर संस्कारको बिपरित गर्नेहरुको पनि संख्या केही मात्रमा भेटिन्छ । जस्तै रिन गरेर गरगहना खरिद गर्ने, महगो तत्ता कबडा खरिद गर्ने, अनाआवश्यक सवारी साधन खरिद गर्ने, बिलासिताका सजावटका सामान खरिद गर्ने तर सामाजिक संस्कारप्रति भने उनिहरुको अध्ययन भएको नहुने र बिस्तारै नेपाली सस्कारलाई समेत लोपउन्मुख तिर लैजान प्रेरित गर्ने खालका स्वभावहरु देखिन्छन् । यो कार्यलाई पनि नेपालीहरुले सुधारर्नु पर्ने छ । यस्ता भडकिलो र सामाजिक मुल्य मान्यतालाई बिभाजन गर्ने गरी देखासेखी गर्ने जस्ता प्रबृतिले हाम्रो संस्कार, नेपाली सभ्यता र मर्मलाई समेत आच पुर्‍याउन सक्छ । यस्तो दिर्धकालीन असर पर्ने कार्यलाई रोक्न, भएका गल्तिलाई सुधारर्न र आउदा दिनमा असल तरिकाले सम्य भई स्वाभिमानी ढंङ्गले सद्भाव सहकार्य एकताको रुपमा महान चाड दशैंलाई मनाउन सके नेपाली समाज नेपाल राष्ट्रलाई एकताबद्ध बनाई नेपाली संस्कारको संबर्धन,संक्षण र जर्गेना गर्न सकिने छ ।

हामी सवैको दुर्गा भवानीले रक्षा गरुन् ।

# वडादशैं, टीका, जमरा, पिङ र यसको महत्व

**दुर्गा अधिकारी भमरकोटे**

शुभकामना
छठ दशै तिहार
पर्व महान ।

नेपाली संस्कृतिको महान चाड दशै असत्यमाथि सत्यको बिजय हुन्छ भन्ने मनोबैज्ञानिक सन्देश बोकेको आफनै विशिष्ट महत्व राख्दछ । धार्मिक, सामाजिक, आर्थिक, सांस्कृतिक जुनसुकै तवरमा दशैंको बर्णन गर्न सकिन्छ । पौराणिक ग्रन्थका अनुसार दुर्गामाताले राक्षस दानवहरूलाई परास्त गरेको र यो ब्राह्मणमा शान्ति स्थापना गर्न सफल भएको उपलक्ष्यमा गरिएको बिजय उत्सब दश दिन सम्म चलेको थियो । त्यही परंरागत रीतिरिवाजलाई हामीले निरंतरता दिदै आइएको हो भन्ने कुरामा पनि विस्वास गरिन्छ ।

यसका अलावा वर्षा याममा मानिसहरू खेतीपातीको काममा व्यस्त हुदा धेरै दुख गरेका हुन्छन् । वर्षाको समयमा गरिएको परिश्रम मिहेनत पश्चात् थाकेका उनिहरूलाई आरामको जरूरत परेको हुन्छ । किसान मजदुरहरूलाई केही समय फुर्सद दिने, मिठो खाने र मनोरञ्जन गर्ने अवसरको रूपमा पनि यस पर्वलाई लिने गरिन्छ । हरेक वर्ष आफन्त, इष्टमित्रबीच सौहाद्रपूर्ण सम्बन्धलाई स्थापित र नविकरण गर्ने अवसर यो पर्वले दिने गर्दछ । दशैंले ठूलाबडा, मान्यजनप्रति श्रद्धाभाव राख्नुपर्छ भन्ने सिकाउँछ । यतिबेला घटस्थापनाको दिन दुर्गा थापेर नौ दिन सम्म नव दुर्गा पूजा गरिन्छ । हामीकहाँ तिहारमा लक्ष्मी अर्थात् धनकी देवी, सरस्वती पूजा अर्थात् विद्याकी देवी र दशैंमा नवदुर्गाको पूजा गरिन्छ । दशैमा पुजा गरिने नवदुर्गाको नामावली भएको मन्त्र यस प्रकारको छ ।

प्रथमं शैलपुत्री च द्वितीयं ब्रह्मचारिणी।
तृतीयं चन्द्रघण्टेति कूष्माण्डेति. चतुर्थकम् ।।
पंचमं स्कन्दमातेति षष्ठं कात्यायनीति च ।
सप्तमं कालरात्रीति.महागौरीति चाष्टमम्।।
नवमं सिद्धिदात्री च नवदुर्गाः प्रकीर्तिताः।
उक्तान्येतानि नामानि ब्रह्मणैव महात्मनाः।।

शक्ति, विद्या र धन मानव जीवनका लागि महत्वपूर्ण विषय हुन । यिनै कुराहरूबाट आफुलाई सम्पन्नता पाउनकोलागि नवदुर्गाको पुजा आराधना गर्ने मान्यता रहेको छ ।

नेपालीहरूको ठूलो चाड हो दशैं । विदेशमा वस्ने नेपालीहरूले समेत यो अवधिमा माता दुर्गाको उपासना र पूजा अर्चना गरी यो पर्व मनाउने गर्दछन् । घटस्थापनादेखि सुरू हुने दशैं कोजाग्रत पूर्णिर्माका दिनमा समापन हुन्छ । घटस्थापनादेखि पहिलो नौ दिनसम्म नवरात्री पूजा गरिन्छ ।

दशमी अर्थात् विजयादशमीको दिन परिवार तथा आफन्त, मुलघरमा भेला हुने र मान्यजन तथा आफूभन्दा ठूलाबाट टीका थाप्ने, आशिर्वाद लिने गरिन्छ । यसैगरी ससुराली मावली जाने र इष्टमित्रबाट टीका तथा आशिर्वाद लिने चलन छ । यो क्रम दशैको टीकाको दिन देखि कोजाग्रत पुर्णिमा सम्म चलिरहन्छ । कोजाग्रत पुर्णिमाको दिन बिधिवत पुजा गरेर जमरा सेलाइ दशैलाई समापन गरिन्छ ।

दशैंमा टीका लगाउँदा आशिर्वाद स्वरूप संस्कृतका मन्त्रहरु उच्चारण गर्दै आशिष दिने गरिन्छ । चार हरफको यो मन्त्रले गहिरो अर्थ दिएको छ । यसले विभिन्न ऐतिहासिक तथा पौराणिक पात्रहरूलाई आदर्शका रूपमा उल्लेख गर्दै जीवनलाई सार्थक बनाउने उपाय दिएको छ । दशैमा पुरूषहरूलाई टीका लगाउदा भनिने मन्त्र यस प्रकार छ ।

आयूद्रोणसुते श्रीयम् दशरथे शत्रुक्षयम् राघवे
ऐश्वर्यम् नहुषे गतिश्च पवने मानञ्च दुर्योधने



दानम् सूर्यसुते बलम् हलधरे सत्यञ्च कुन्तीसुते
विज्ञानम् विदुरे भवन्तु भवताम् कीर्तिश्च नारायणे ।

यसको अर्थ हो, द्रोणपुत्र अश्वत्थामाको जस्तो लामो आयु होस् । दशरथ राजाको जस्तो श्रेय होस् । रामको जस्तै शत्रु नाश होउन । नहुष राजाको जस्तो ऐश्वर्य होस् । पवन ( हावा ) को जस्तो गति होस्, दुर्योधनलाई जस्तै सबैले मान गरून्, सूर्यपुत्र कर्णजस्तै दानवीर हुनु, बलरामको जस्तै बल होस्, कुन्तीपुत्र पाण्डवहरु जस्तै सत्यवादी हुनु, विदुरको जस्तो ज्ञान र भगवान नारायणको जस्तो कीर्ति प्राप्त होस् । यसैगरी महिलाहरूलाई टीका लगाइ दिदा सम्पूर्ण देवी दुर्गाहरूको नाम अंकित भएको मन्त्रोच्चारण गर्ने गरिन्छ । यी देवीहरूले सम्पूर्ण महिला हरूमा शक्ति प्रदान गरून् र तपाई जस्ता पराक्रमी देवीहरूमा हाम्रो नमस्कार छ भन्ने यसको आशय हुन जान्छ ।

जयन्ती मंगला काली भद्रकाली कपालिनी
दुर्गा क्षमा शिवा धात्री स्वाहा स्वधा नमोस्तुते ।

दशैंमा मान्यजनबाट आशिर्वाद लिन निधारमा टीका थाप्ने गरिन्छ । रातो र सेतो अक्षताको टीका लगाउने चलन छ । रातो टीका बिजयको प्रतीक मानिन्छ । टीकालाई चेतनासँग जोडेर पनि हेर्ने गरिन्छ । साथै, रातो र सेतो शान्ति एवं समृद्धिका प्रतीक हुन् । यसले मस्तिष्क, मन र बिचारलाई पनि शुद्ध तुल्याउँने विस्वास गरिन्छ ।

दशैंमा टीका संगसंगै जमरा शिरमा वा कानमा राखिदिने चलन छ । जमरा घटस्थापनाको दिन राखिन्छ । यसको आफनै विधि छ ।

घरको अँध्यारो कोठा वा स्थान, जहाँ सूर्यको प्रकास आउँदैन, त्यहाँ शुद्ध माटोमा जौ छरेर जमरा उमारिन्छ । धर्मशास्त्रहरूले यसलाई समृद्धिको प्रतीक मानेका छन् । खासमा भन्ने हो भने जमरा पौष्टिक खाद्यपदार्थ हो । आजभोलि विभिन्न रोगकोलागि जमराको जुस बनाएर पिउने चलन पनि बढेको छ । यसमा कार्बोहाइड्रेड, प्रोटिन र भिटामिनहरू जस्ता तत्वहरु पाइन्छ । जमरा वा यसको रस निकै स्वास्थ्यबर्द्धक मानिन्छ ।

सामाजिक मान्यता के छ भने दशैंमा एक पटक भए पनि जमिन छाड्नुपर्छ । यही मान्यताका आधारमा पिङ थाप्ने र त्यसमा मच्चिने गरिन्छ । यसले दशैंमा रमाउने बहाना दिएको छ । सबै भेला भएर पिङमा मच्चिँदा रमाइलो हुन्छ । यो स्वास्थ्य विज्ञानसँग पनि जोडिएको छ । माछामासु र तेल, घिउ, चिनी, सख्खर जस्ता पदार्थको अधिक सेवन हुने हुनाले शरिरलाई आवश्यक व्यायाम पनि हुन्छ र स्वस्थ रहन मद्दत मिल्दछ । खेल्न पाउदा सबैलाई खुशी पनि लाग्छ ।

बर्षातको समाप्तिपछि आउने दशैंमा चङ्गा उडाइन्छ । किनभने, यतिबेला आकास खुला हुन्छ । न बर्षा, न हिउँद । सन्तुलित मौसममा चङ्गा उडाउदा छुटै आनन्द आउँछ । धार्मिक हिसाबले खेतीबालीका लागि हामीलाई अब पानी पुग्यो भन्ने सन्देश बर्षात गराउने भगवान इन्द्र समक्ष पुर्यालउन पनि चङ्गा उडाइन्छ भन्ने किम्बदन्ति प्रचलनमा छ ।अहिले यो मनोरञ्जनको माध्यम बनेको छ । वर्षा ऋतुको समाप्तिसँगै आउने दशैंको मनमोहक मौसममा चङ्गा उडेको देख्दा मन पनि चङ्गा हुन्छ । खुशी लाग्छ । हामी नेपालीको पौराणिक र ऐतिहासिक गाथा कथा र राम्रो संदेश बोकेको सबै पर्वहरु मध्य ठूलो पर्व भएको हुँदा यसलाई वडादशैको रूपमा हामीले मनाउँदै आएका छौ । हाम्रा चाडपर्वहरु सांस्कृतिक सम्पत्ति हुन । हाम्रा यी सांस्कृतिक धरोहरहरूको संरक्षण संवर्धन गर्दै विकृति रहित बनाउदै यसका मुल्य र मान्यताको संरक्षण गर्दै आगामी पुस्तालाई हस्तान्तरण गर्नुको विकल्प हामीमा छैन् । कोरोनाको महामारी बिचमा आउदै गरेका हाम्रा महान पर्वहरु मनाउँदै गर्दा समय र परिस्थितिलाई मनन गर्दै यथोचित सावधानी अपनाउदै चाडपर्व मनाउँ । मान्यजनहरु संग आशिर्वाद लिन जाँदा कतै हामीले प्राण घातक यो कोरोना रोग त उपहारमा दिदै छैनौं, ख्याल गरौं । सम्भव भए सम्म भर्चुअल माध्यम बाटै आशिर्वाद लिने दिने गर्दा नै अहिलेको समयमा उपयुक्त होला । आफनो र आफना आफन्तहरूका विषयमा सोचौं र सजग रहौं । सबैको दशै सुखमय रहोस । बिजया दशमी २०७७ को हार्दिक मंगलमय शुभकामना ।

# बजारमा अखाद्य बस्तु छ्याप-छ्याप्ती

भक्तपुर । दशैतिहारको मौकामा उपभोक्ताको स्वास्थ्यलाई असर पार्ने गरी व्यापारीले अखाद्य बस्तु बिक्रीमा राखेको पाइएको छ । जिल्लाका अधिकांश स्थानको अनुगमनका क्रममा चारवटै नगरपालिकाभित्र सञ्चालित खाद्यान्न र मासु पसलमा कुहिएका सामाग्री बिक्रीमा राखेको पाइएको छ ।

सूर्यविनायक नगरपालिकाले एक साता लगाएर गरेको अनुगमनमा बजारमा छ्यापछ्याप्ती अखाद्य बस्तु बिक्रीका लागि राखिएको पाइएको अनुगमन समितिका संयोजक एवं नगरपालिकाकी उपप्रमुख जुना बस्नेतले जानकारी दिनुभयो ।

नगरपालिकाले कटुञ्जे, चुनदेवी, पाण्डुबजार, सूर्यविनायकक्षेत्रका म्याक्स स्टोर, एम स्टोर, बाराही खाद्य किराना स्टोर, बेष्ट मिनिमार्ट, एजबी स्टोर, युनिक स्टोर, सुष्टि सप्लायर्सलगायतका स्टोर तथा पसलमा अनुगमन गरेको थियो । यस्तै सूनपा-४ दक्षिणबाराहीदेखि हुँदै गाम्चासम्मका आरके जनरल स्टोर, जितेन्द्र कोल्ड स्टोर, राजु किराना पसल, शुभमाकर ट्रेडर्स, राधेश्याम स्टोर, बालकृष्ण स्टोर, ग्रिन मार्ट, पाथीभरा किराना स्टोर, जेएलपी स्टोर, लक्ष्मीकृष्ण स्टोर, रेड एप्रोन मार्टमा अनुगमन भएको थियो । अनुगमनमा क्रममा अधिकांश पसलमा मूल्यसूची नराखी एउटै सामानको फरक मूल्यमा बिक्री भएको, म्याद गुज्रेका सडेगलेका सामान बिक्रीका लागि राखिएको पाइएको नगरपालिकाका बजार अनुगमन अधिकृत सुरज पौडेलले जानकारी दिनुभयो ।

उहाँले बालकोट क्षेत्रका योर च्वाईस लिक्वैर्स स्टोर, लिपी शब्द स्टोर, स्वतिका ट्रेडर्स, सिजन किराना स्टोर, सापकोटा ग्रोसरी, दुर्गा हिमालय स्टोर, मानसी जनरल स्टोर, उग्रचण्डी स्टोर, कृष्ण भण्डार घरलगायतमा भएको अनुगमनमा पनि अखाद्य बस्तु छ्यापछ्याप्ती पाइएको बताउनुभयो ।

अनुगमनका क्रममा जफत गरिएका करिब रु. ३० हजार मूल्य बराबरको सामग्री स्थानीयवासीको रोहबरमा नगरपालिकाले नष्ट गरेको छ । संयोजक बस्नेतले अनुगमन गर्ने अधिकार स्थानीय सरकारसँग भएपनि कारबाही गर्ने अधिकार नहुँदा अनुगमन फितलो हुने गुनासो गर्नुभयो ।

भक्तपुर नगरपालिकाका अनुगमन समितिका संयोजक राजकृष्ण गोराले बजारमा अखाद्य बस्तु र कुहिएका तथा सडेगलेको बिग्रिएको मासु समेत बिक्री गरेको पाइएको बताउनुभयोष्ऽ ।

भक्तपुरका प्रमुख जिल्ला अधिकारी हुमकला पाण्डेले कारबाही गर्ने अधिकार जिल्ला प्रशासन कार्यालयसँग भएको बताउदै गल्ती गर्ने व्यापारीलाई कारबाही गर्न नगरपालिकाले प्रशासनलाई पत्र पठाए प्रशासनले कारबाही गर्ने जनाउनुभयो । उहाँले नगरपालिकाले अनुगमनको निचोडसहित लिखित जानकारी दिएमा कारबाहीका लागि जरिवानासहितको कारबाही गर्ने बताउनुभयो ।

# देशमा राजतन्त्र वाहेक अर्को बिकल्प छैन



## केदार फुयाल
## केन्द्रीय सदस्य, राप्रपा

नेपालको राजनीतिमा परिचित नाम हो । उहाले अनेरास्वियु पाचौवाट राजनीति यात्रा शुरू गर्नुभएको हो उहाकै भनाई अनुसार फुयालले २०४६ सालमा त अनेरास्वियु पाचौको क्षेत्रिय अध्यक्ष भई काम गर्नुभएको थियो रे त्यो राजनीति सँगसँगै रेडक्रस सोसाईटीको पनि क्षेत्रिय अध्यक्ष भई काम गदै आएको र नेपालमा राजनीति परिवर्तन सँगै बिभिन्न राजनीति पार्टीहरूको स्थापना र खुल्ला प्रतिस्पर्धा हुन थालेपछि त्यतिवेला राष्ट्रिय प्रजातान्त्रिक युवक संगठनको कार्यक्रमले लोभ्यायो र त्यो संगठनको केन्द्रीय सदस्य भई काम गदै इमानदारिताको साथ पार्टी संगठनलाई पुऱ्याएको योगदानको कदर गदै २०६३ मा राप्रपा नेपालको महाधिवेशन प्रतिनिधि हुनको साथै युवक संगठनको निरन्तर केन्द्रीय सदस्य भई काम गर्ने अवसर प्रप्त गर्नुभयो । त्यसपछि टुटदै जुटडै आएको राप्रपाको रागले उहालाई पनि छोडेन र २०६६ मा राप्रपा समान्तर केन्द्रीय सदस्य हुनुभयो फेरी राप्रपा भित्रको अर्को आपासी लडाईले पुनः राप्रपावाट अलगिएर बनेको डा. प्रकाशचन्द्र लोहनी अध्यक्ष रहेको एराप्रपा (राष्ट्रवादी )को केन्द्रीय सदस्य तथा काठमाडौ जिल्ला अध्यक्षको महत्वपुर्ण जिम्मेवारीमा रहनु भयो ।

हाल तिनैवटै राप्रपा एक भएर बनेको राप्रपाको केन्द्रीय सदस्य रहनु भएको छ । उहासँग यो अङ्कको लागि हामीले राप्रपा एकीकरणको बारेमा जान्ने कोशिस गरेका छौ ।

**राप्रपा टुट्ने फट्ने गरिरहने गरेको छ । अहिले राप्रपा एक भएको छ । अहिले राप्रपा एक भएको अवरमा तपाइको धारणा राखिदिनुस न ?**

अहिले राप्रपा एक हुनुको मुख्य कारण भनेको जनताको दवाव, पार्टी कार्यकर्ताको सुझाव, र देशको परिस्थितिले राप्रपाका नेताहरूलाई अव तपाईहरू एक अर्कामा लडेर बस्ने अवस्था छैन । देशमा महगी, भष्टचार, कालो बजारी, तस्करी , बलत्कार, सीमा अतिक्रमण हुन थालिसक्यो पहिला त बरू राजतन्त्रको पालामा भोक्कै कोहीपनि जनता मरेका थिएनान् अहिले गणतन्त्र भनेको ब्यवस्थामा धेरै मानिसहरू भोक्कै मर्न थालिसके त्यसले गर्दा पनि अवको एजेण्डा राजतन्त्र हुनुपर्छ भनेर हिजोको दिनमा राप्रपा भित्र कोही राजतन्त्र मान्ने पक्षधर कोही नमान्ने पक्षधर थिए त्यसैले गर्दा पार्टीसमेत बिभिन्न चिरामा बिभाजन भयो त्यसको फाईदा बिदेशवाट सञ्चालित पार्टीहरूले लिए र देशलाई यो भडखालोमा पुऱ्याए यो सवै घटनावाट हामीले पाठ लिनुपर्छ भन्दै अध्यक्ष त्रयले पनि महसुस गर्नुभयो जनताले र कार्यकर्ताले पनि दवाव दियर पार्टीलाई एक ढिक्का बनाई बिदेशी चलखेललाई परास्त गर्नुपर्छ भन्ने निस्कर्षमा हामी पुग्यौ त्यसैको परिणाम हो पार्टी एकीकरण अहिले हामी एक ढिक्का भएका छौ शक्तिसाली भएका छौ ।

**माथि नै भन्नुभयो पशुति शम्सेर राणा समुहले गणतन्त्रलाई मान्ने गऱ्यो कमल थापा राजतन्त्र हुनुपर्छ भन्थे डा. लोहनीको राष्ट्रवादी भन्दै आएका छन् तपाईहरूको बिचार एक भएर एक भएको होकी बिचारै नमिली एक भएको हो ?**

बिचार मिलेर नै एक भएको हो । हाम्रा अध्यक्ष त्रयले महसुस गरिसक्नु भएको छ । हामीले टुटफुटको राजनीति गर्नले देश र जनतालाई ठुलो धक्का लाग्न गयो उहाहरूले अस्ति पार्टी एकीकरणकै दिनपछि धारण राख्ने क्रममा भनिसक्नु भएको छ । पशुपति सम्सेर राणा र डा प्रकाशचन्द्र लोहनीले गणतन्त्रको धार पकडनु भयो भनेर तपाईले भन्नुभए जस्तै हो । तर उहाहरूले महसुस गरिसक्नुभयो अव यो मुलुकमा गणतन्त्रको धार बोकेर देशलाई निकाश दिन सकिदैन भन्ने निस्कर्षमा उहाहरू पुग्नुभयो उहाहरूले पटक पटक भन्नु भएको छ । गणतन्त्रमा राष्ट्रपति एउटा पार्टीको मात्र भयो राष्ट्रको अविभावक हुन सकेन यो माटोको माया गर्ने राष्ट्रको अविभावकत्व शाहवंशीय संवैधानिक राजतन्त्रलाई नै गर्नुपर्ने रहेछ भन्ने निस्कर्षमा अध्यक्ष त्रय पुग्नु भएको हुनाले बिचारमा एकरूपता आएर नै पार्टी एक भएको हो । राप्रपाको पार्टी एकताले देशका सवै हाम्रा कार्यकर्ता सुभचिन्तक आम राष्ट्रवादी नागरिकहरूमा उत्साह थपिएको छ ।

**राजतन्त्र पुनःस्थापना हुने सम्भावना कतिको देख्नुभएको छ तपाईले ?**

बिलकुल एकदमै बिकल्पै छैन । यो मुलुकमा राजतन्त्र बिना बिकल्पै छैन ।

**आधारहरू बुदागत भन्दिनुस न ?**

बुदागत भन्दापनि अहिले वर्तवान अवस्थामा नेपाल कम्युनिष्ट पार्टीको सरकार छ । अस्तिमात्र प्रधानमन्त्री ज्यूले मन्त्रीमण्डल गठन गर्नुभयो त्यहा तिनतीर फर्केका मुखले के संकेत गर्छ प्रचण्डको अकै कुरा छ । माधव नेपालको अर्को कुरा छ । प्रधानमन्त्रीको अर्को कुरा छ । त्यसैगरी अन्तराष्ट्रियस्तरमा समेत अहिलेको गणतान्त्रिक ब्यवस्था प्रति सकरात्क बुझाई छैन । कतिपय देशहरूसँग कुटनीतिक सम्बन्ध बिग्रेको छ । पुर्व प्रधानमन्त्री डाक्टर बाबुराम भट्टराईले नामै तोकेर बुढी गण्डकी जलबिधुत आयोजनामा ९ अर्ब भ्रष्टचार भयो कांग्रेस कम्युनिष्ट मिलेर खाए भन्नु भयो याहा कानुन खोई भ्रष्टचारीलाई करर्वाही गर्ने ठाउँमा आफ्नै आसेपासेलाई राजनीतिक नियुक्त गरेर राखेका छन् । यिनिहरूलाई कस्ले कारर्वाही गर्ने र ? यी सवै कारणहरू हेर्दा राजतन्त्र नै यो गणतन्त्र ब्यवस्थाभन्दा अब्बल रहेछ भन्ने आम जनतामा लागेको हुनाले आधार भनेको नै जनता हो । जनताले राजतन्त्र ल्याउनु पर्छ भनेपछि राजतन्त्र सम्भव छ । आउछ ।

**जनताले राजतन्त्र फर्किनुपर्छ भन्न थालेछन् तर राजतन्त्रको पक्षमा आवाज उठाउनेहरू के गदैछन् बताईदिनुस न ?**

जनताको माग अनुसार नै हाम्रो राप्रपा एक भएका छौ हामी यसमा गौरववान्वित भएका छौ । पहिलो यो प्रगति हो । हिडनका लागि बाटो चाहिन्छ हामीले बाटो क्लियर गऱ्यौ । छिमेकी राष्ट्रहरूको दादागिरी पनि देखिएको हुनाले राष्ट्रवादी आन्दोलको तयारी पनि गर्नुपर्दा र बिश्वमा फैलिरहेको कोरोनको कारण बाहिर हाम्रो कार्यक्रम नदिखिदा तपाईहरूले केही भएको छैन भनेर सोच्नु स्वभाविक हो । तर धेरै काम भएका छन् आन्तरिक तयारीहरू गदै छौ । जनताको जनवलमा धेरै काम हुदै आएका छन् समय र परिस्थिति सँगसँगै हामी पनि हिड्नुपर्ने बाध्यताहरू छन् । संगठन भरखरै एकता भएको हुनाले संगठन समायोजनको काम पनि तिब्र गतिमा अगाडी बढेको छ । यो काम सकिने बित्तिक्कै हामी एउटा प्रक्रियमा जान्छौ ।

**समायोजन तिब्र गतिमा भईरहेको कुरा गर्नुभयो अहिले सम्म कतिवटा जिल्लामा समायोजन भईसक्यो । बताइदिनुस् न ?**

स्थानीय तहहरूमा धेरै ठाउहरूमा भइनै सक्यो । जिल्ला समितिहरूमा मलाई जानकारीमा आए अनुसार २७ वटा जिल्लामा समायोजन भइ नै सक्यो बाकी जिल्लाहरूमा पनि छिट्टै समायोजन हुन्छ । यो नेपालीहरूको महान चाड बिजयाँ दशमी, तिहार ,नेपाल सम्वत र छठको लगतै हामी त्यो काम गरिसक्ने तयारीमा छौ ।

**तपाई नै जिल्ला अध्यक्ष रहेको काठमाडौमा समायोजनको काम सम्पन्न भएको छैन । यो कहिले सम्पन्न हुन्छ ?**

म संयुक्त राप्रपाको अध्यक्ष रहेको काठमाडौ जिल्लामा नवराज सिंखडा राप्रपा नेपालको अध्यक्ष रहनु भएको छ । उहासँग बारमवार छलफल भइ नै रहेको छ । एउटा बिकल्प सहित हामी चाडै काठमाडौको महत्व बोकेको जिल्लालाई पनि निकाश दिन्छौ ।

**तत्कालै राजतन्त्रको पक्षमा आन्दोलन गर्ने राप्रपाको कुनै कार्यक्रम छ ?**

पत्रकार मित्र तपाईलाई पनि थाहा छ । बिश्वभरी नै महामारीको रूपमा फैलिएको कोभिड (१९)ले हाम्रो देशपनि अछुतो रहन सकेको छैन । यस कारणले जनतालाई रोग, भोक र सोकको पीडाले छटपटाईरहेको बेलामा आन्दोलनमा गईहाल्ने अवस्था छैन ।यस अवस्थाम पनि तयारी भने छ । यसको बाबजुद पहिलो प्रथामिकता हाम्रो जनतालाई कसरी रोग, भोक, र सोकवाट उठाउने भन्ने छ । त्यो सँगसँगै जनतालाई साथमा लिएर हामी जानुछ । जनताको हित नै हाम्रो हित हो । राजतन्त्र जनताले चाहेका छन् योजना हामीले बनाएका छौ । तयारी भने भइ नै रहेको छ ।

अन्तमा पहिला त मलाई आफना धारणाहरू राख्न दिनुभएकोमा जन आकाश मिडियालाई धन्यवाद दिदै नेपालीहरूको महान पर्व वडा दशैमा सावधानी पुर्वक पर्व मनाऔ सुरक्षित रहौ हसीखुशि मनाऔ भन्दै शुभकामना ब्यक्त गर्दछु ।



# नेपाल बैंकले ८४औं बार्षिकोत्सवको उपलक्ष्यमा बिभिन्न सेवाहरु निशुल्क प्रदान गर्ने

काठमाडौं । नेपाल बैंक लिमिटेडले ८४औं बार्षिकोत्सवको उपलक्ष्यमा बिभिन्न सेवाहरु निशुल्क प्रदान गर्ने भएको छ । बिक्रम संम्वत् १९९४ कातिक ३० गते लक्ष्मीपूजाको दिन स्थापना भएको नेपालको पहिलो बैंक, नेपाल बैंक लिमिटेडले देशको ६४ जिल्लामा रहेका आफ्ना १९१ शाखा, १२६ एटिएम तथा ३६ वटा एक्टेन्शन काउण्टर मार्फत् देश र आम नेपालीको बैंकिङ्ग सेवामा समर्पित रहि अत्याधुनिक बैंकिङ्ग सुबिधाहरु उपलब्ध गराउदै आइरहेको छ ।




बैंकले आफ्नो स्थापनाको ८४ औं वर्ष प्रवेशको सुखद् अवसरमा आफ्ना ग्राहकहरुको अटल विश्वास र भरोसाको उच्च कदर गर्दै यहि कार्तिक १ गते देखी निक्षेप खाताहरुमा :यदषभि द्यबलपष्लन, क्ष्लतभचलभत द्यबलपष्लन, म्भ्रबत ब्अअयगलत, :भचय कजबचभ, ऋ(ब्क्चब र ख्क्क्ब म्भदष्त कार्ड नि:शुल्क प्रदान गर्ने भएको छ । साथै बार्षिकोत्सवको उपलक्ष्यमा बिभिन्न कार्यक्रमहरु समेत संचालन गरिने भएको बैंकले जनाएको छ ।

# वाणिज्य बैंकले ल्यायो दसैं तिहार अफर योजना

राष्ट्रिय वाणिज्य बैकले दसै तिहारलगायत पर्वलाई मध्यनजर गर्दै कात्तिक १ देखि सबै शाखा मार्फत विद्युतीय माध्यमबाट भुक्तानीको व्यवस्थालाई व्यापक तथा प्रभावकारी बनाउने भएको छ ।




त्यसको लागि बैंककै प्वाइन्ट अफ सेल (पीओएस) को माध्यमबाट भुक्तानी सेवा सुरु गरेको छ । देशभर रहेको विभिन्न व्यवसायहरुमा बैंकको कार्डबाट पीओएसको माध्यमबाट रकम भुक्तानी गर्दा कारोबारमा अधिकतम १५ प्रतिशत वा एक हजार रुपैयाँ जुन कम हुन्छ सो रकम क्यासब्याक हुने छ ।

विश्वव्यापी रुपमा फैलिएको माहामारीबाट टाढा रहनको लागि समेत विद्युतीय भुक्तानी प्रणाली सहयोगी हुन सक्ने छ । यो प्रणालीबाट ग्राहकवर्ग, बैकको सेवाग्राहीहरु तथा समग्र समाजलाई अधिकतम फाइदा पुग्ने बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले बताए । बैंकको हाल सातै प्रदेश ७७ जिल्लामा २४१ वटा शाखा कार्यालय, २०५ वटा एटिएम र ९३ वटा शाखा रहित बैंकिङ रहेको छ ।

# सनराइज बैंकका ग्राहकले बस र हवाई टिकटमा छुट पाउने

'स्मार्ट बनौं, डिजिटल बैंकिङ गरौं' अभियानलाई आत्मासाथ गर्दै सनराइज बैंकले चाडपर्वलाई लक्षित गरी हवाइ टिकट र बस टिकट खरिदमा क्यास ब्याकको योजना ल्याएको छ । सनराइज बैंकका ग्राहकहरुले बैंकको एप प्रयोग गरी बस वा हवाईजहाजका टिकट खरिदमा प्रथम दुई पटकको कारोबारमा प्रति बस टिकट दुई सय र हवाई टिकटमा प्रति टिकट तीन सयका दरले क्यास ब्याक प्राप्त गर्ने व्यवस्था गरेको जनाएको छ। बैंकको १३ औं वार्षिकोत्सवको उपलक्ष्यमा ल्याएको यो योजना असोज २५ देखि कार्तिक ११ गतेसम्म मान्य हुने बैंकले जनाएको छ ।

# सिटिजन्स बैंकले तिनाउ मिसन डेभलपमेण्ट बैंकलाई प्राप्ति गर्ने

काठमाडौं । सिटिजन्स बैंकले तिनाउ मिसन डेभलपमेन्ट बैंकलाई प्राप्ति गर्ने भएको छ। दुबै बैंकले शनिवार मर्जरको सहमतिपत्रमा हस्ताक्षर समेत गरीसकेका छन् । तिनाउ मिसन डेभलपमेण्ट बैंकको प्रधान कार्यालयमा आयोजित कार्यक्रमका बीच सिटिजन्स बैंकको तर्फबाट संचालक तथा मर्जर तथा प्राप्ति समितिका संयोजक प्रवलजंग पाण्डे र तिनाउ मिसनका तर्फबाट संचालक तथा मर्जर तथा प्राप्ति समितिका संयोजक राजेन्द्र प्रसाद वभ्काले उक्त सम्भौतापत्रमा हस्ताक्षर गरेका हुन्। हालको सिटिजन्स बैंकको चुक्ता पूँजी ९ अर्ब ८ करोड रुपैयाँ रहेको छ भने तिनाउ मिसन डेभलपमेण्ट बैंकको चुक्ता पूँजी १ अर्ब ८१ करोड रुपैयाँ रहेको छ । प्राप्ति पश्चात बैंकको कुल शाखा १६४ हुनेछ ।

# इन्भेष्टमेन्ट बैंकको दुई एक्सटेन्सन काउन्टर सञ्चालनमा

काठमाडौं । नेपाल इन्भेष्टमेन्ट बैंकले दुई नयाँ एक्सटेन्सन काउन्टर सञ्चालनमा ल्याएको छ । बैंकले भक्तपुरको शुकुलढोका र चन्द्रगिरी वडा ९ माच्छेगाउँमा एक्सटेन्सन काउन्टर खोलेको हो । शुकुलढोका एक्सटेन्सन काउन्टर एनआईबीएलका उप महाप्रबन्धक विजेंद्र सुवालले उद्घाटन गरेका छन् । मच्छेगाउँ एक्सटेन्सन काउन्टरको कार्यवाहक वार्ड प्रमुख रामकृष्ण श्रेष्ठ र एनआईबीएल बागमती प्रदेश प्रमुख बरुन श्रेष्ठले संयुक्त रुपमा उद्घाटन गरेका हुन । एक्सटेन्सन




काउन्टरहरूले स्थानीय मागलाई पूरा गर्न बैंकिग सेवाहरू प्रदान गर्नेछन् । बैंकले ८३ शाखा, १२५ एटीएम, १९ एक्सटेन्सन काउन्टर, १० राजस्व संकलन काउन्टर र ५६ शाखाविहीन बैंकिंग काउन्टरबाट सेवा दिइएरहेको छ ।

# बैंकहरुको कर्जा ६९ अर्बले बढ्यो

काठमाडौं । असोजको अन्तिम सातामात्र वाणिज्य बैंकहरुले ६९ अर्ब रुपैयाँले ऋण बढाएका छन् । असोजको २३ गतेसम्म २८ खर्ब ७२ अर्ब रुपैयाँ ऋण बैंकहरुले प्रवाह गरेकोमा ३० गते आइपुग्दा यो बढेर २९ खर्ब ४१ अर्ब रुपैयाँमा पुगेको छ । अन्तिम सातामा गाडी खरिदका लागि तथा अन्य उपभोग्य वस्तुको लागि ऋण बढेको छ । यस्तै दशैंले समेत केही ऋण बढाउन मद्दत गरेको हो । यसबाहेक हरेक वर्षमा हुने त्रैमासको अन्तिममाम ऋण तिर्नको लागि ऋण लिने प्रवृतिले समेत ऋण बढाएको हो । चैतदेखि भएको लकडाउनको कारण बैंक तथा वित्तीय संस्थामा ऋण प्रवाह बढेको थिएन । तर,असोज महिनामा पछिल्लो ६ महिनामा नै उच्च रकमले ऋणको माग बढेको देखिएको छ। २७ वटा वाणिज्य बैंकले असोज ३० गतेसम्म २९ खर्ब ४१ अर्ब रुपैयाँ ऋण दिएका छन् । असोज महिनामा मात्र १ खर्ब १४ अर्ब रुपैयाँले ऋण प्रवाह बढेको छ । वाणिज्य बैंकसँग अहिले स्वदेशी स्वदेशी मुद्रामा ३५ खर्ब ४३ अर्ब रुपैयाँ निक्षेप रहेको छ। एकसातामा निक्षेप मात्र ७३ अर्बले बढेको छ। यसको कारण रेमिटेन्स बढेको तथा तीन महिनादेखि सरकारी कर्मचारीको तलब एकमुस्ट दशैं भत्ता सहित सरकाले पठाउदा समेत भएको हो । सरकारी कर्मचारीको तलब सरकारी बैंक सहित निजी बैंकमा जान्छ भने पेन्सन होल्डरले सरकारी बैंकबाट पेन्सन बुभ्ने गर्छन् । स्थानीय तहमा खटिने कर्मचारीले तीन महिनादेखिको तलब एकैपटक असोजको अन्तिम साता एक महिनाको अतिरिक्त दशैं भत्ता सहित बुभ्केका थिए । यस्तै पेन्सन पाउनले पनि दशैंमा एक महिना बराबरको अतिरिक्त भत्ता पाउने गर्छन् ।

# प्रभु बैंकको शाखा रोल्पाको लिवाङ्मा

काठमाडौं । प्रभु बैंकले रोल्पा जिल्लाको रोल्पा नगरपालिका( ४ लिवाङमा २१० औं शाखा सञ्चालनमा ल्याएको छ । उक्त शाखाको रोल्पा नगरपालिकाका मेयर पुर्ण के. सीले गरेका छन् । केसीले बैंकले व्यावसायिक सञ्जाल विस्तार गर्दै बैंकिङ्ग पहुँच नपुगेको ठाउँहरुमा आफ्नो शाखा कार्यालय सञ्चालनमा ल्याएर सर्वसाधारणको घर आँगनसम्म सरल र सहजरुपमा बैंकिङ्ग सेवा विस्तार गरी प्रशंसनीय कार्य गरेको तथा बैंकको यो अभियानले देशभरि नै बैंकिङ्ग पहुँचमा वृद्धि भएको मात्र नभई समग्र देशको आर्थिक विकासमा सकारात्मक टेवा पुगेको बताए । बैंकको लिवाङमा शाखा कार्यालयबाट बैंकको गुणस्तरीय एवं अत्याधुनिक प्रविधि युक्त बैंकिङ्ग सेवा प्रवाह हुने भएकोले स्थानीय बासिन्दा, सर्वसाधारणहरु, व्यवसायिक फर्म, कम्पनी तथा संघ संस्थाहरुले बैंकको गुणस्तरीय सेवाउपभोग गरी लाभान्वितहुने बैंकले जनाएको छ । स्थानीय सर्वसाधारणमा बैंकिङ बानीको विकास भई स्थानीयस्तरको सम्पुर्ण आर्थिक कारोबार बैंकिङ प्राणालीमा प्रवेश गर्नुका साथै यस क्षेत्रको समग्र आर्थिक उन्नतीमा लिवाङ शाखा कार्यालयले महत्वपूर्ण भूमिका निर्वाह विश्वास बैंकले लिएको छ ।

# दशौ सुसेली


कृष्ण बहादुर के.सी. (सापकोटा)
गोंगबु ,काठमाडौं शान्तिसमाज टोल

दशैँ सुसेली
दुर्गा स्थापना
नवरथामा
सँधै देवी जपन - १

दुर्गा माताले
दशैं हुन्छ
रमैलो तिम्रो साथले २
आयो भमरा
घर घरमा
हामी राखौं जमरा ३

आई रमाई
तपाईं हामी
मिलि पिङ्ग समाई ४

घाम घमैलो
यसपालीको
दशै छैन रमैलो ५
कोरोना बर्ष
यस पालीको
दशैं भएन हर्ष ६

अन्त नजाउ
आ-आफनो घरमा
टिका लगाउ ७

टीका नेटमा
दक्षिणा चैं
दिउँला अर्को भेटमा ८

गर्नु कोशिस
टाढैबाट दशैंमा
माग्नु आशिष ९

प्राण धानेर
यसपालीको दशै
एक्लै मानेर १०

आफनै घरमा
यसपालीको दशैं
देवी भरमा ११

आउ रमाउ
कोरोनालै दशैंमा
टाढा भगाउ १२

दुर्गा जगौनी
कोरोना संक्रमण
टाढा भगौनी १३

कोभिड
अन्त्य हुनेछ है
अबस्य हाम्रो गन्तव्य १४

हाम्रो साथले
कोभिड अन्त्य
गर्ने दुर्गा माताले १५

चारै प्रहर
दशैमा
घुमघाम छैन रहर १६

बस हाँसेर
नमनाउकक है
दशैं बोटै मासेर १७

खसी काटेर
के मनाउनु दशैं
बच्चा ढाँटेर १८

राम्रो नानामा
खसी चाँहि गोठमा
फर्सी छानामा १९

पर्ला नि गाल
यस्पाली भै गो
भेटौं आगे साल २०

दुर्गा माताले
रक्षा गर्छिन हाम्रो
हित भावले
भक्ति भावले
पुजा पाठ गरौंन
श्रद्धाभावले




# रामेछाप डायरी

## चाडपर्वलाई मध्यनजर गर्दै रामेछाप बजार अनुगमन

रामेछाप जिल्लाको रामेछाप नगरपालिकाले बजार अनुगमन गरेको छ । चाडपर्वलाई मध्यनजर गर्दै नगरपालिकाको मुख्य बजार पुरानो सदरमुकाम समेत रहेको रामेछाप बजारका विभिन्न पसल, व्यावसाय, औषधी , होटल , हार्डवेयर पसल लगायतको पसलहरुको अनुगमन गरेको हो । रामेछाप नगरपालिकाका प्रशासन शाखा प्रमुख नारायण सुवेदीको नेतृत्वमा भएको बजार अनुगमनका क्रममा केहि पसलहरु नगरपालिकामा दर्ता नभएको, दर्ता गरेपनि नविकरण नगरेको, मुल्य सुची टाँस नगरेको पाईएको छ । दर्ता नगरेका पसलहरुलाई यहि महिना भित्र दर्ता गर्न निर्देशन दिइएको प्रशासन शाखा प्रमुख सुवेदीले बताउनुभयो । यस वर्ष बजारमा म्याद सकिएको सामानहरु कमै मात्र फेला परेको उहाँले बताउनुभयो । बजार अनुगनमा रामेछाप नगरपालिकाका कर्मचारी , नगर उद्योग वाणिज्य संघका अध्यक्ष , प्रहरी , पत्रकार लगायतको उपस्थिती रहेको थियो । नगरपालिकाले विभिन्न समयमा बजार अनुगनम गर्दै आएको छ । लकडाउनको विचमा पनि नगरपालिकाले नगरका मुख्य बजारहरुमा अनुगन गरेको थियो ।

## रामेछापमा प्रहरीको सकृयता बढी भाडा लिने सवारीसाधन कारवाहीमा

रामेछाप जिल्लामा संचालित सवारी साधनले यात्रुहरुसङग बढी भाडा लिएको पाइएको छ । सरकारले पुर्ण सिट क्षेमता अनुसार यात्रु राख्न पाउने र भाडा पहिलेकै अनुसार लिन पाउने भने पनि टिकेट काउन्टरलेनै ५० प्रतिशत बढी भडा बढाएर टिकेट काटिरहेको पाइएपछि जिल्लाको चेकजाँचमा थप कडाई गरिएको छ । जिल्ला ट्राफिक प्रहरी रामेछापले एकैदिनमा बढि भाडा लिने पाँचवटा ठुला सवारीलाई नियन्त्रणमा लिएर २० हजारभन्दा बढी भाडा यात्रुहरुलाई फिर्ता गरेको छ । जिल्ला ट्राफिक प्रहरी रामेछापका प्रमुख प्रहरी सहायक निरीक्षक रामेश्वर पाण्डेले सरकारको निर्देशनलाई बेवास्ता गरि बढी भडा लिएका पाँचवटा सवारीबाट २० हजार ६७३ रुपैयाँ बढी लिएको भाडा यात्रुहरुलाई फिर्ता गरिएको जानकारी दिनुभयो । यसअघि विश्वमा माहामारीका रुपमा फैलिएको कोरोना भाइरसका कारण यातायात व्यवसायीहरुले यातायात संचालन गर्दा स्थास्थ्य तथा सुरक्षा मापदण्ड पुरा गरेर ५० प्रतिशत सिटमा यात्रु राखेर ५० प्रतिशत भाडा बढाएर लिन पाउँने सरकारले व्यवस्था गरेको थियो ।

## शक्तिपिठहरुमा नित्यपूजा बाहेक अन्य दर्शनका लागि रोक

रामेछाप जिल्लामा मन्दिर तथा शक्तिपिठहरुमा नित्यपूजा बाहेक अन्य दर्शनका लागि रोक लगाइएको छ । जिल्ला प्रशासन कार्यालय रामेछापले एक सूचना जारी गरि जिल्ला भित्रका सबै मन्दिर तथा शक्तिपिठहरुमा नित्यपूजा बाहेक अन्य दर्शन कार्य गर्न रोक लगाएको हो । दशैंका बेलामा मन्दिर तथा शक्तिपिठहरुमा सर्वसाधारणहरुको अत्याधिक भिड हुने र यसले कोरोना भाइरस संक्रमणको जोखिमता झन बढ्ने भएकाले प्रशासनले मन्दिर तथा शक्तिपिठहरुमा नित्यपूजा बाहेक अन्य कार्यमा रोक लगाएको हो । रामेछापकी प्रमुख जिल्ला अधिकारी रुद्रदेवी शर्माले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र गृहमन्त्रालयको अनुरोध अनुसार जिल्लाका सवै पालिका तथा वडाहरुमा रहेका मठ मन्दिर तथा शक्तिपिठहरुमा नित्यपूजा बाहेक अन्य दर्शनका लागि निषेधाज्ञा जारी गर्नुभएको हो । प्रमुख जिल्ला अधिकारी शर्माले जारि गर्नुभएको सूचनामा मिति २०७७ असोज ३० गतेको गृहमन्त्रालयको निर्देशन र असोज २८ गते बसेको जिल्ला स्तरीय संकट व्यवस्थापन केन्द्रको निर्णय अनुसार जिल्ला भरका नगरपालिका , गाउँपालिका तथा वडाहरुमा रहेका सबै शक्तिपिठ तथा मन्दिरहरुमा मिति २०७७ कार्तिक १ गते घटस्थापना देखी ९ गते नवमीको दिन मध्येराती १२ बजेसम्म नित्य पूजा बाहेक दर्शनका लागि स्थानीय प्रशासन ऐन २०२८ को दफा (६) ३ तथा संक्रामक रोग ऐन २०२० को दफा ३ र ४ अनुरुप यो निषेधाज्ञा जारी गरिएको छ भनिएको छ ।

हार्दिक शुभकामना

२०७७ सालको नेपालीहरुको महान चाड बिजया दशमी, दिपावली, छठको अवसरमा सम्पुर्ण देश-बिदेशमा रहनु भएका नेपालीहरुमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछु ।
*साथै* विश्वमा फैलिरहेको कोरोना भाईरस (कोभिड १९) को महामारीबाट देश विदेशमा रहनु भएका सम्पूर्ण नेपली दाजुभाई तथा दिदीबहिनीहरु सुरक्षित रहुन् भन्ने कामना गर्दछौं ।

सुरेन्द्र देवकोटा
बेकिङ प्याराडाईज भरतपुर
(नेकपा कार्यलय नजिकै)

हार्दिक शुभकामना

२०७७ सालको नेपालीहरुको महान चाड बिजया दशमी, दिपावली, छठको अवसरमा सम्पुर्ण देश-बिदेशमा रहनु भएका नेपालीहरुमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछु ।
*साथै* विश्वमा फैलिरहेको कोरोना भाईरस (कोभिड १९) को महामारीबाट देश विदेशमा रहनु भएका सम्पूर्ण नेपली दाजुभाई तथा दिदीबहिनीहरु सुरक्षित रहुन् भन्ने कामना गर्दछौं ।

बाग्लुङ कालिका फैन्सी स्टोर, परिवार
गंगोत्रीमार्ग नारायणगढ
(बालबच्चाको लागि उपयुक्त फैन्सी पसल)

हार्दिक शुभकामना

२०७७ सालको नेपालीहरुको महान चाड बिजया दशमी, दिपावली, छठको अवसरमा सम्पुर्ण देश-बिदेशमा रहनु भएका नेपालीहरुमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछु ।
*साथै* विश्वमा फैलिरहेको कोरोना भाईरस (कोभिड १९) को महामारीबाट देश विदेशमा रहनु भएका सम्पूर्ण नेपली दाजुभाई तथा दिदीबहिनीहरु सुरक्षित रहुन् भन्ने कामना गर्दछौं ।
स्वादिष्ट र सफा खाजा, स्वास्थ जीवनको मजा

प्रो.रामकृष्ण खत्री
अतिथि तन्दुरी रेष्टुरेण्ट
(क्यानसर १ न. गेट नजिक)

हार्दिक शुभकामना

२०७७ सालको नेपालीहरुको महान चाड बिजया दशमी, दिपावली, छठको अवसरमा सम्पुर्ण देश-बिदेशमा रहनु भएका नेपालीहरुमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछु ।
*साथै* विश्वमा फैलिरहेको कोरोना भाईरस (कोभिड १९) को महामारीबाट देश विदेशमा रहनु भएका सम्पूर्ण नेपली दाजुभाई तथा दिदीबहिनीहरु सुरक्षित रहुन् भन्ने कामना गर्दछौं ।

डां जे.बि. पाठक
शित्तल हामियो प्याथिक फार्मेसी
सहिदचोक - लाइन्सचोक नजिकै नारायणगढ )

हार्दिक शुभकामना

२०७७ सालको नेपालीहरुको महान चाड बिजया दशमी, दिपावली, छठको अवसरमा सम्पुर्ण देश-बिदेशमा रहनु भएका नेपालीहरुमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछु ।
*साथै* विश्वमा फैलिरहेको कोरोना भाईरस (कोभिड १९) को महामारीबाट देश विदेशमा रहनु भएका सम्पूर्ण नेपली दाजुभाई तथा दिदीबहिनीहरु सुरक्षित रहुन् भन्ने कामना गर्दछौं ।

Salt Trading Corporation Limited
साल्ट ट्रेडिङ कर्पोरेशन.लि.

हार्दिक शुभकामना

२०७७ सालको नेपालीहरुको महान चाड बिजया दशमी, दिपावली, छठको अवसरमा सम्पुर्ण देश-बिदेशमा रहनु भएका नेपालीहरुमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछु ।
*साथै* विश्वमा फैलिरहेको कोरोना भाईरस (कोभिड १९) को महामारीबाट देश विदेशमा रहनु भएका सम्पूर्ण नेपली दाजुभाई तथा दिदीबहिनीहरु सुरक्षित रहुन् भन्ने कामना गर्दछौं ।

ठाकुरराज शर्मा
सदस्य केन्द्रीय सचिवालय
कार्यब्यवस्थापन समिति राप्रपा

जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
www.janaakash.com.np



# सरकारले कोभिड (१९) को खर्च आफैंले ब्यहोर्न गरेको निर्णयको मालेद्धारा बिरोध

काठमाडौं । नेकपा (माले) ले सरकारको स्वास्थ्य मन्त्रलायका प्रबक्ताले कोभिड (१९) को उपचार खर्च आफैले ब्यहोर्न गरेको निर्णय प्रति सरकारको बिरोध गरेको छ । आज पार्टीले प्रेस बिज्ञप्ति प्रकाशित गरी उक्त सरकारका निर्णय तत्काल सच्याउन र बिपन्न बर्गहरूको स्वास्थको रक्षा गर्न र कोभिड (१९) का संक्रमितहरूको उपाचार सरकारले निशुल्क गर्न सुझाव समेत दिएको छ ।

१.नियमित पत्रकार भेटघाट (२०७७-७-२) मार्फत् स्वास्थ मन्त्रालयका प्रवक्ताले अवदेखि कोभिड-१९ संक्रमितको स्वास्थ उपचारको खर्च सरकारले नभई संक्रमित आफैंले ब्यहोर्नु पर्ने सरकारको निर्णय सार्वजनिक गरेका छन् । सरकारको उक्त निर्णयप्रति नेकपा (माले) को गम्भीर ध्यानाकर्षण भएको छ । सारकारले महामारी नियन्त्रण गर्न संक्रमितको पहिचान, रोकथाम र उपचारको उपयुक्त ब्यवस्था गर्नुको साटो संक्रमितको उपचार खर्चको जिम्मेवारी नलिने निर्णय गरेको छ । सरकारको




उक्त निर्णय गैहजिम्मेवार मात्र नभई संविधानको मौलिक हक र सर्वोच्च अदालतको परमादेशको समेत विपरित छ । नेकपा (माले) सरकारले आफनो पछिल्लो निर्णय तत्काल फिर्ता लिदै कोरोना संक्रमित ब्यक्तिको निशुल्क उपचार गर्ने ब्यवस्था कायम राखी त्यसलाई अझ प्रभावकारी र पारदर्शी बनाओस् भनी सरकारसँग जोडदार माग गर्दछ ।

२. लामो समयदेखि कोभिड १९ को महामारीले देश थला परेको समयमा समेत मन्त्री र सांसदहरूलाई एक महिनाको तलब बराबर चाडपर्व खर्च उपलब्ध गराउने ०७६/५/३१ को मन्त्रिपरिषदको निर्णयका आधारमा संघीय संसद सचिवालयले सांसदहहरूलाई दशैं खर्च उपलब्ध गराएको समाचारले नेकपा (माले) को गम्भीररूपमा ध्यानाकर्षण गराएको छ । महामारी नियन्त्रणको निम्ति वास्तविक रूपमा जोखिमको काममा संलग्न सुरक्षाकर्मी तथा स्वास्थकर्मीहरूलाई दिने भनिएको प्रोत्साहन भत्ता समयमा उपलब्ध गराउन नसकेको सरकारले महामारीले 'बेकामे' बनेका सांसदहरूलाई दशैं खर्च उपलब्ध गराउने कार्य अत्यन्त निन्दनीय र भत्सर्ना योग्य छ । सांसदहरूलाई उपलब्ध गराएको दशैं खर्च तत्काल फिर्ता गर्न र स'रक्षाकर्मी तथा स्वास्थकर्मीहरूलाई प्रोत्साहन भत्ता यथाशिघ्र उपलब्ध गराउन नेकपा ( माले) सरकारसँग जोडदार माग गर्दछ ।

३. केही दिन अघि मात्र सरकारले लामो दुरीका सार्वजनिक यातायातहरूमा पुरा सिट बराबर यात्रु राख्न पाउने निर्णय गरेको छ । कोभिड १९ को संक्रमण दिनानुदिन वढिरहेको अवस्थामा सरकारको उक्त निर्णयले संक्रमणको जोखिम झनै बढाउने निश्चित् छ, तसर्थ जनताको स्वास्थलाई मध्यनजर गर्दै सार्वजनिक यातायातमा हुने भिडभाड कम गर्न सरकारले उक्त निर्णय तत्काल फिर्ता लेओस् भनी नेकपा (माले) जोडदार माग गर्दछ ।


## आयुर्वेदिक उपचारको पहिलो रोजाइ विकल्प आयुर्वेद हेल्थ सेन्टर प्रा.लि.

*हाम्रा सेवाहरु*

ग्याष्ट्रिय, अल्सर, गानोगोला, जन्डिस, पाइल्स, हातखुट्टा झमझमाउने, दुख्ने, हडडी खिएको, युरिक यसिड, बाथ रोग, दम, खोकी, पिनास, अनिन्द्रा , डिप्रेशन, मृगी प्यारालाइसिस, महिनावारी गडबडी, तल्लो पेट दुख्ने, सेतो पानी बग्ने, पाठेघरको बिना अप्रेशन उपचार, यौन दुर्लवता सिघ्र स्खलन, बाझोपन पिसाब पोल्ने, धातु रोग, प्रोस्टेट, पत्थरी छाला सम्बन्धि रोग, उच्च रक्तचाप, मधुमेह, थाइराइड लगायतका सम्पुर्ण रोगको दक्ष आयुर्वेद चिकित्सकवाट सफल उपचार गरिन्छ ।

**नोटः** यहाँ बिना अप्रेशन क्षारशुत्र विधिद्धारा पाइल्स, फिस्टुला, फिसरको सफल उपचार गरिन्छ । गुणस्तरीय स्वास्थ्य सेवाको एक मात्र ठाउँ

## विकल्प आयुर्वेद हेल्थ सेन्टर प्रा.लि.

**लाइन्स चोक, नारायणगढ, चितवन**

सम्पर्क पैशा नलाग्ने टोल फि नं. १६६०५६५८०००

फोन न. ०५६ : ५७०४६८

फोनवाट पनि नाम दर्ता गर्न सकिने छ ।



## हार्दिक शुभकामना

**२०७७ सालको नेपालीहरुको महान चाड बिजया दशमी, दिपावली, छठको अवसरमा सम्पुर्ण देश-बिदेशमा रहनु भएका नेपालीहरुमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछु ।**

**साथै विश्वमा फैलिरहेको कोरोना भाईरस (कोभिड १९) को महामारीबाट नेपालका देश विदेशमा रहेका सम्पूर्ण नेपली दाजुभाई सुरक्षित रहुन् भन्ने कामना गर्दछौं ।**

रबिन श्रेष्ठ
निबर्तमान अध्यक्ष

कृष्ण प्रं फुयाँल
अध्यक्ष

फुटवेयर म्यानुफ्याक्चर्स एशोसिएसन अफ नेपाल



## हरेक चाडपर्व एवम् सांस्कृतिक परम्पराहरु देशका राष्ट्रिय पहिचान हुन् । यस्ता कुराहरुको अन्त्य हुनु भनेको राष्ट्रिय पहिचान गुम्नु हो । राष्ट्रिय पहिचानको जगेर्नाका लागि पनि चाडपर्व एवम् सांस्कृतिक परम्पराको प्रवर्द्धन र सम्वर्द्धन गर्नु हाम्रो नैतिक दायित्व हो ।

नेपाल सरकार
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**


## अन्तराष्ट्रिय समाचार

### कोरोनाभाइरस नियन्त्रणमा उल्लेखनीय सफलता

बेइजिङ । विश्वकै दोस्रो ठूलो अर्थतन्त्र रहेको चीनमा कोरोनाभाइरस महामारी नियन्त्रणमा उल्लेखनीय सफलता प्राप्त गरेसँगै अर्थतन्त्रमा समेत तिब्र सुधार आएको छ । चीनमा उपभोक्ताहरु सपिङ मलमा सामान खरिद गर्न र सवारी साधन किन्न थालेका छन् । तर विश्व अर्थतन्त्रका धुरीका रुपमा रहेका संयुक्तराज्य अमेरिका र युरोपेली मुलुकहरु पीडादायी संकुचनबाट गुज्रिरहेका छन् । सोमबार सार्वजनिक सरकारी विवरणमा गत सेप्टेम्बरमा समाप्त भएको यस वर्षका पछिल्ला तीन महिनामा अर्थतन्त्र ४.९ प्रतिशतले विस्तार भएको उल्लेख छ । खुद्रा उपभोग्य सामानको बिक्री बढेको छ भने काराखानाको उत्पादनमा वृद्धि भएको छ । मास्क र अरु मेडिकल सामग्रीको निर्यात बढेका कारण चीनमा रोजगारी र उत्पादन दुबैमा सुधार आएको छ । क्यापिटल इकनमिक्सका जुलियन इभान्स-प्रिचर्डले एक रिपोर्टमा बताए अनुसार चिनियाँ अर्थतन्त्रको पुनरुत्थान जारी रहेको र सरकारी अनुदानको निर्भरता कम भएको छ । अर्थतन्त्रको वृद्धि अहिले पनि निरन्तर भइरहेको उहाँले बताउनुभयो । चीनमा गत डिसेम्बरमा कोरोना महामारीको थालनी भए पनि सत्तारुढ चिनियाँ कम्युनिष्ट पार्टीले गत मार्चमा यस रोगको नियन्त्रण भइसकेको घोषणा गरेको थियो । उक्त घोषणासँगै विश्वकै ठूलो अर्थतन्त्र भएको मुलुक चीनले कारखाना, पसल र कार्यालय खोल्ने पहिलो मुलुक बन्यो । विश्वका प्रमुख अर्थतन्त्र भएका मुलुकमध्ये चीनको मात्र आर्थिक वृद्धि हुने अनुमान गरिएको छ । यस वर्ष संयुक्तराज्य अमेरिका, युरोप र जापानको आर्थिक कृयाकलाप संकुचित हुँदैछन् । अन्तर्राष्ट्रिय मुद्रा कोषले भने यस वर्ष चीनको आर्थिक वृद्धि १.८ प्रतिशत हुने भविष्यवाणी गरिरहेको छ जबकि अमेरिकी अर्थव्यवस्था ४.३ प्रतिशतले संकुचित हुने अनुमान गरेको छ । कोषले फ्रान्सको ९.८ प्रतिशत, जर्मनीको ६ र जापानको ५.३ प्रतिशतले अर्थतन्त्र संकुचित हुने पूर्वानुमान गरेको छ ।

### जापान र भियतनामबीच प्रतिरक्षा सहयोग आदानप्रदान गर्न सहमति

जापान र भियतनामबीच रक्षा र सुरक्षा सहयोग बढाउन तथा दुई देशबीच प्रत्यक्ष हवाई उडान पुनःस्थापित गर्न सहमति भएको छ । प्रधानमन्त्रीमा नियुक्त भएपछि पहिलो विदेश भ्रमणका क्रममा भियतनाम आइपुग्नु भएका जापानका प्रधानमन्त्री योशिहिडे सुगा र आफ्ना भियतनामी समकक्षी प्रधानमन्त्री नुग्वेन जुआन फुकबीच शिखर वार्तामा उक्त सहमति भएको हो । दुबै देशका उच्च अधिकारीबीच यस क्षेत्रमा चीनको विस्तारित प्रभावको सामना गर्न रक्षा र सुरक्षा सहयोग बढाउन सहमत भएका थिए । सोमबार हनोईमा आयोजित शिखर वार्तापछि भियतनामका लागि आवश्यक रक्षा उपकरण र प्रविधि जापानले निर्यात गर्ने आधारभूत सम्झौतामा हस्ताक्षर समेत भएको छ । जापानले हालका वर्षहरूमा दक्षिणपूर्वी एशियासँग सम्बन्ध बलियो बनाउन र आफ्नो प्रतिरक्षा उद्योगलाई सबल बनाउन यस्ता सम्झौताहरू गरिरहेको छ । सुगाले आफ्नो चार दिने भियतनाम भ्रमण र त्यसलगत्तै इन्डोनेसियाको भ्रमणका क्रममा आफूले स्वतन्त्र एवं खुला हिन्द-प्रशान्त महासागरीय बहुपक्षीय आर्थिक तथा सुरक्षा सहयोगका लागि समर्थन जुटाउनेतर्फ केन्द्रित रहने बताउनुभयो । उहाँले दक्षिण चीन सागरमा चीनको बढ्दो उपस्थितिका बारेमा पनि समीक्षा हुने उहाँले स्पष्ट गर्नुभयो । स्वतन्त्र र खुला हिन्द-प्रशान्त (इन्डो-प्यासिफिक) प्राप्त गर्ने हाम्रो दृष्टिकोण हासिल गर्न भियतनामको भूमिका निकै महत्वपूर्ण छ, प्रधानमन्त्री सुगाले भियतनामी प्रधानमन्त्री फूकसँगै आयोजित संयुक्त पत्रकार सम्मेलनमा भन्नुभयो । जापान, एक इण्डो-प्यासिफिक राष्ट्रको रूपमा, यस क्षेत्रको शान्ति र स्थिरतामा निरन्तर योगदान दिनेछ । प्रधानमन्त्री सुगाले इन्डो-प्यासिफिकको केन्द्रका रुपमा रहेको भियतनाममा आफ्नो पहिलो विदेश भ्रमण गर्न पाएकामा खुशी व्यक्त गर्नुभयो । जापानले यसअघि पनि संयुक्तराज्य अमेरिका, बेलायत र मलेसियालगायत अन्य देशहरूसँग रक्षा उपकरण स्थानान्तरण सम्झौता गरिसकेको छ । भियतनाम १२ औं साझेदार मुलुक हो । जापानले पहिलो रक्षा उपकरण फिलिपिन्सलाई गत अगष्ट महिनामा उपलब्ध गराएको थियो जसमा जापानमा निर्मित राडार निगरानी प्रणाली रहेको थियो । भियतनामलाई उपलब्ध गराउने सम्भावित रक्षा उपकरणका बारेमा विस्तृत विवरण भने उल्लेख गरिएको छैन, तर प्रधानमन्त्री सुगाले सम्झौतालाई द्विपक्षीय रक्षा सहयोगका लागि एक प्रमुख कदम भन्नुभएको छ । जापानले सन् २०१४ मा सैन्य उपकरण र प्रविधि हस्तान्तरणमा आंशिक रूपमा प्रतिबन्ध हटाएको थियो । पूर्वप्रधानमन्त्री शिन्जो आबेले जापानको रक्षा क्षमता बढाउने प्रयास स्वरुप जापानी रक्षा सामान विदेश निर्यातमा रहेका प्रतिबन्धहरु हटाउनु भएको थियो ।

सुगा र फुकले अन्य आर्थिक क्षेत्र र आतंकवाद विरोधी उपायहरुमा परस्पर सहयोग गर्न अन्य सम्झौताहरुमा हस्ताक्षर गर्नु भउको छ । कोरोनाभाइरसका कारण दुबै देशबीच अबरुद्ध उडान र यात्रालाई खुकुलो बनाउन पनि सहमति भएको छ । छोटो अवधिको व्यावसायिक भ्रमणलाई अनुमति दिन तथा भियतनाम र जापानबीच उडान पुनः खोल्न पनि सहमति भएको छ । सुगाले कोरोनाभाइरसबाट प्रभावित जापानमा कार्यरत भियतनामी कामदारहरूलाई सहयोग पुऱ्याउन जापानले आवश्यक सहयोग गर्ने पनि बताउनुभयो । हालैका वर्षहरुमा जापान आएका विदेशी कामदारमध्ये आधाभन्दा बढी भियतनामी छन् । भियतनामको एक प्रमुख व्यापारिक साझेदार मुलुक जापान हो जुन यस वर्ष झण्डै २९ अर्ब डलरको छ । भियतनामको सबैभन्दा ठूलो विदेशी सहयोगी दातृ मुलुक जापान रहेको छ । सन् २०१९ सम्ममा जापानले २३ अर्ब डलर अनुदान र ऋण भियतनामलाई उपलब्ध गराइसकेको छ ।

### भारतमा कोभिड १९ संक्रमितको संख्या ७५ लाख नाघ्यो

भारतमा सोमबार कोरोना भाइरस (कोभिड १९) सङ्क्रमितको संख्या ७५ लाख नाघेको छ ।सोमबार बिहानसम्म प्राप्त समाचारअनुसार भारतमा कोरोना सङ्क्रमित संख्या ७५ लाख ५० हजार २७३ पुगेको छ । यस सङ्क्रमणबाट ज्यान गुमाउने व्यक्तिको संख्या १ लाख १४ हजार ६१० जना पुगेको यहाँको स्वास्थ्य मन्त्रालयले जनाएको छ । भारतमा गत २४ घण्टामा ५५ हजार ७२२ जनामा थप सङ्क्रमण देखिएको र कोरोना सङ्क्रमणको कारण ५७९ जनाको मृत्यु यहाँको परिवार तथा स्वास्थ्य मन्त्रालयलले जानकारी दिएको छ । अझै पनि भारतभरी ७ लाख ७२ हजार ५५ व्यक्ति संक्रिय सङ्क्रमित रहेका छन् । कोरोनाको सङ्क्रमण देखा परेयता हालसम्म ६६ लाख ६३ हजार ६०८ जना सङ्क्रमित व्यक्तिहरु कोरोना भाइरस मुक्त भएका छन । सङ्क्रमणमुक्त भएकाहरुको संख्यामा भारत अग्रस्थानमा रहेको छ ।

# विभिन्न संस्था र ट्राफिक प्रहरीको संयुक्त सहायता कक्ष सञ्चालनमा

काठमाडौं । उपत्यकाका ११ विभिन्न स्थानहरुमा काठमाडौँ महानगरीय ट्राफिक प्रहरी, नेपालप्रहरी, यातायात व्यवस्था विभाग, नाडा, सिप्रदी र सिप्रदियन सहायता संस्थाको सहकार्यमा यात्रु सहायताकक्ष सुरु भएको छ ।

सिप्रदी ट्रेडिङ्ग प्रा.लि.र सिप्रदियन सहायता संस्थाद्वारा काठमाडौँ महानगरीय ट्राफिक प्रहरी, नेपाल प्रहरी, यातायात व्यवस्था विभाग, र नाडाको सहकार्यमा काठमाडौं जिल्लाभित्र ११ विभिन्न ठाउँमा यात्रु सहायता कक्षको व्यवस्था गरिएको छ । चाडपर्व र

अहिलेको प्रतिकूल स्थितिलाई मध्यनजर गर्दै बल्खु, गोंगबु बसपार्क, फर्पिङ्ग, गौशाला, कलंकी, कोटेश्वर, माछापोखरी, सुन्धारा, पुरानो बसपार्क, नागढुंगा र जगातीमा यात्रु सहायता कक्ष शुरु भएको छ ।

सामाजिक दुरी कायम गर्दै गोंगबु बसपार्कमा आयोजित सहायताकक्ष हस्तान्तरण कार्यक्रममा सिप्रदियन सहायता संस्थाका तर्फबाट रजत श्रेष्ठ, टाटा मोटर्स कमर्शियल गाडीका तर्फबाट सुरज सिंह, यातायात व्यवस्था विभागका तर्फबाट केशव जम्मरकट्टेल, लगायत महानगरीय ट्राफिक प्रहरी महाशाखा, नेपाल प्रहरीका तर्फबाट कर्मचारी प्रतिनिधिहरु उपस्थित हुनुहुन्थयो । उक्त कार्यक्रममा सहायता कक्षका साथै हरेक कक्षमा उपस्थित हुने महानगरीय ट्राफिक प्रहरी महाशाखाका तथा नेपाल प्रहरीका कर्मचारीहरुलाई स्यनि टाईजर, मास्क, फेस भाइजर, डिसिन्फेक्टेन्ट हस्तान्तरण गरिएको छ ।

गत वर्षभन्दा यो वर्ष दशैं मनाउनको लागि उपत्यका छोड्ने यात्रुहरुको अनुमान कम गरिएको भएपनि, जाने यात्रुहरुलाई टिकट बुकिङका क्रममा बिभिन्न खालका समस्याहरु भोग्नु नपरोस भनेर यो यात्रु सहायता कक्ष राखिएको सिप्रदियनका प्रतिनिधिले बताउनु भएको थियो । उपभोक्ता संघ तथा महानगरिय ट्राफिक प्रहरी महाशाखाका अनुसार धेरैजसो महंगो टिकट मूल्य, टिकट नपाउने र बस चढ्ने बेलामा समस्याहरु यात्रुहरुले भोग्नुपर्ने गुनासो आइरहेकोले यसलाई न्युनिकरण गर्ने उदेश्यले सहायताकक्ष संचालन गरिएको ट्राफिक कार्यलयले जानकारी दिएको हो ।

साथै, एउटै सिटको टिकट धेरैलाई विक्रि गर्ने र बसका कर्मचारीबाट अनुचित व्यवहार भोग्नुपर्ने जस्ता समस्या विगतमा दर्ता गरिएका थिए । त्यसैले, यस्ता अप्रिय अवस्था रोक्न, यात्रु सहायता कक्ष शहरका विभिन्न स्थानहरुमा स्थापना गरिएका छन् । यात्रु सहायता कक्षहरुले निश्चित टिकट दरको बारेमा जानकारी उपलब्ध गराउने र गुनासो सुन्ने गरेका छन् हरेक यात्रु सहायता कक्षमा महानगरीय ट्राफिक प्रहरी प्रभाग, यातायात व्यवस्था विभाग, नेपाल प्रहरी, उपभोक्ता समूहका प्रतिनिधीहरु रहन्छन् ।

यसको साथै यो वर्ष कोरोनाको महामारीको जोखिम र चुनौतीलाई मध्यनजर गर्दै प्रतिरोधको व्यवस्थापनका सुचना पनि यो कक्षबाट दिने तयारी गरिएको छ । त्यसैले आवतजावतको क्रममा सामाजिक दुरी कायम गर्ने, मास्कको उचित प्रयोग गर्ने र स्यनिटाइजरको प्रयोग जस्ता सुचना यो कक्षबाट प्रदान गरिने भएको छ ।

यी सहायता कक्षहरुमा यात्रा दूरीसहित टिकटको मूल्यको साथै कोरोना नियन्त्रणको विषयमा जानकारी पनि राखिएको ट्राफिक कार्यलयले जानकारी गराएको छ ।




# दशैंमा सुनसान सीमानाका

महेन्द्रनगर । चाडपर्वका बेला गन्तव्यमा जाने यात्रुहरूको चाप हुने कञ्चनपुरको गड्डाचौकी नाका र पूर्वी डोकेबजारस्थित त्रिनगर नाका यसवर्ष भने कोरोना महामारीका कारण सुनसान छन् । सुदूरपश्चिमको रोजगारीको प्रमुख गन्तव्य भारतबाट दशैं, तिहार, नयाँ बर्ष (बिशु पर्व) र गौरा पर्व मनाउनेहरू घर फर्किने गर्थे । कोरोना भाइरसको त्रासका कारण गत चैतदेखि नै लाखौं नेपाली भारत छाडेर स्वदेश आइसकेकाले पनि चाडपर्वमा सीमानाकाहरू सुनसान भएका हुन् । गड्डाचौकी इलाका प्रहरी कार्यालयका प्रमुख तथा प्रहरी नायवनिरीक्षक नरेन्द्र चन्दले भारतबाट यहाँको नाका हुँदै दैनिक दुईदेखि तीनसय नेपाली स्वदेश फर्किरहेको बताउनुभयो ।

“कोरोनाको डरले नेपालीहरू पहिल्यै हजारौंको सङ्ख्यामा यहाँबाट भित्रिसके ।” उहाँले भन्नुभयो, “यस वर्ष विगतजस्तो चाडपर्वमा आउनेहरूको तछाडमछाड छैन ।” भारतबाट आउनेहरूमध्ये पनि बीस प्रतिशत मात्रै दशैंलगायत चाडपर्व मनाउन आएको बताउने गरेको प्रहरी नायवनिरीक्षक थापाले जानकारी दिनुभयो । “अहिले पनि भारतबाट कोरोनाकै डरले नेपालीहरू घर आइरहेका छन् ।” गड्डाचौकी नाकाबाट दैनिक १००देखि २००सम्म नागरिक भारत रोजगारीका लागि गइरहेको प्रहरीको भनाइ छ । विगतमा दशै शुरू हुनुअघि नै यहाँको नाकाबाट दैनिक दश हजारभन्दा बढी नेपाली स्वदेश फर्किने गरेका थिए । कृष्णपुर नगरपालिकाका अर्जुन जोशीले कोरोनाले भारतमा हुँदा पनि दुखः पाइएकाले दिल्लीबाट घर फर्किनुपरेको बताउनुभयो । “लामो समयसम्म कम्पनी बन्द भएकाले कोठामै बस्नु पऱ्यो ।” उहाँले भन्नुभयो, “अहिले त सुरक्षितरूपले घर पुग्नु नै ठूलो कुरो भइसक्यो । कोरोनाका कारण धेरै नेपालीको रोजगारी गुमेकाले स्वदेशमै काम गर्ने योजना बनाएर धेरैजसो घर फर्किरहेका छन्।” उहाँले भन्नुभयो ।

कोरनाका कारण यहाँका नाकाहरूबाट सुदूरपश्चिममा मात्रै डेढ लाखभन्दा बढी स्वदेश भित्रिएको सुदूरपश्चिम प्रदेश सरकारको भनाइ छ ।

त्यसैगरी डोकेबजार नाकाबाट गत आइतबार बिहान ३०२ जना भारतबाट स्वदेश फर्किएका थिए भने ४८ नेपाली रोजगारीका लागि भारत गएको डोकेबजार प्रहरी चौकीका प्रहरी नायवनिरीक्षक भुपाल थापाले जानकारी दिनुभयो ।

“विगतजस्तो भारतबाट बिदामा पर्व मनाउन आउनेहरूको सङ्ख्या धेरै नै कम छ ।” उहाँले भन्नुभयो-“अस्तिसम्म भारत जानेहरूको सङ्ख्या बढी थियो ।”

नेपाल आयल निगम लिमिटेडको

खाना पकाउने एल.पी.ग्याास प्रयोगकर्ताहरुलाई

सुरक्षा सम्बन्धी अति आवश्यक जानकारी

एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशील पदार्थ भएकोले यसको प्रयोगमा पर्याप्त सतर्कता र सावधानी अपनाउन जरूरी हुन्छ । यसैले खाना पकाउने ग्याँसको चुहावटबाट हुने दुर्घटनाबाट बच्न देहायका कुराहरूमा ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्त वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरूः

१. सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऊँ भान्छामा सिलिण्डर सधै ठाडो राखी प्रयोग गारैं, सुताएर र घोप्टाएर प्रयोग नगरौं ।

२. रेगुलेटर, रबर पाइप, चुल्होजस्ता उपकरणहरू गुणस्तर प्रमाणित भएको मात्र प्रयोग गरौं । साथै हरेक २ वर्षमा ग्यासको पाइप फेरौं ।

३. खाना पकाउँदा सधै झ्याल ढोका खुला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौं ।

४. काम सकिएपछि सधै रेगुलेटर बन्द गरौं ।

ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरूः

५. खाना पकाउने स्थानमा एल.पी.ग्यासको तिर्खा गन्ध आइरहेको छ भने ग्याँस लिंक भइरहेको छ भन्ने बुझ्नु पर्दछ ग्याँस लिंक भएमा पहिले रेगुलेटरको र पछि चुलोको नव (knob )बन्द गरौं ।

६. ग्याँस हावाभन्दा गह्रै हुने भएकोले भूईमा बस्छ । यस्तो अवस्थामा ढोका र सबै झ्याल खुला गरौं र आगोको फिल्का निस्कने पदार्थ जस्तै ग्याँस चुल्हो, सलाई, लाइटर। धुप आदि नबालौं र बिजुली बत्तीलगायत कुनै पनि विद्युतीय उपकरण नचलाऔं ।

७. ग्याँस लिंक भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई भल्भमा सेफ्टी क्याप लगाएर घर बाहिर खुल्ला ठाउँमा राखौं र छिटोभन्दा छिटो नजिकको ग्याँस बिक्रेता वा सम्बन्धित ग्याँस उद्योगीलाई

**सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।**

# होन्डाको नयाँ होन्डा सिआर-भी सार्वजनिक

काठमाडौं । नेपालका लागि होन्डा कारको आधिकारिक विक्रेता स्याकार ट्रेडिङ कम्पनी प्रालिले नयाँ होन्डा सिआर-भी २०२० नेपाली बजारमा ल्याएको छरु। कम्पनीले स्टाइल, पर्फमेन्स र सुरक्षालाई समावेश गरी परिष्कृत पर्फमेन्स र सानदार इन्टेरियर सुविधाहरूले सबैको ध्यान आकर्षण गर्ने कम्पनीले दाबी गरेको छ ।

सीआभीका विशेषताहरु

आफ्नो सेग्मेन्टमा सर्वाधिक २ सय १० एमएम ग्राउन्ड क्लियरेन्स रहेको कम्पनीले जनाएको छरु। यसमा एडभान्स इन्टिग्रेटेड एलइडी हेड को पावर ड्राइभिङ सिट, ४ प्रकारको लम्बर सपोर्ट सिट, उच्चस्तरीय लेदर तथा उडन फिनिस क्याबिनका साथै ७ जनासम्म प्यासेन्जरहरू बस्न सकिने सुविधा रहेको कम्पनीले जनाएको छ। स्पिड सिभिटीसहितको १.६ आइडिटेक टर्भो इन्जिनयुक्त र अफ रोडिङ अनि




यरका साथ उक्त गाडी बजारमा ल्याएको होरु। यसमा नयाँ आइडिटेक इन्जिन रहेको जनाइएको छरु। ५औं जेनेरेसनको यस कारमा हाई टेक्नोलोजीयुक्त एक्स्टेरियर र इन्टेरि ल्याम्पस्, इनलाइन एलइडी फग ल्याम्पस्, फ्रन्ट पार्किङ सेन्सर, पुस बटन गियर सिस्टम, पानोरोमा सनरुफ, स्माट किलेस इन्ट्री रहेको जनाइएको छरु। त्यस्तै, प्याडल सिफ्टिङ गियर, ८ प्रकार सिटी ड्राइभ दुवैका लागि पावर र पर्फमेन्सयुक्त होन्डा सिआर-भीले नेपाली सडकमा ग्राहकको मन जित्ने कम्पनीको दाबी छ । नेपालमा होण्डाको बिश्वसनीयता निक्कै रहेको छ ।

# मध्यपहाडी राजमार्गको अधिकांश स्थानमा निर्माण हुन सकेन

काठमाडौँ । राष्ट्रिय गौरवको मध्यपहाडी राजमार्गको अधिकांश स्थानमा निर्माणको कम हुन सकेको छैन । कोभिड-१९ सङ्क्रमण फैलिरहँदा पालिकाले आफ्नो क्षेत्र बाहिरका व्यक्तिलाई प्रवेशमा गरेको कडाइका कारण अपेक्षाकृतरूपमा काम हुन नसकेको हो । यो आवको पहिलो तीन महिनामा भौतिक प्रगति न्यून मात्रै रहेको मध्यपहाडी सडक आयोजना निर्देशनालयका प्रमुख दीपक केसीले बताउनुभयो । उहाँका अनुसार पहिलो चौमासिकमा ५० किमी कालोपत्र गर्ने लक्ष्य लिएकोमा अहिलेसम्म झण्डै दुई किमी मात्रै सडक कालोपत्र भएको छ ।

अबको एक महिना दशैं, तिहार, छठलगायत चाडपर्व भएकाले निर्माण गर्न अझै कठिन हुने उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "पहिलो चौमासिकमा अपेक्षा गरेभन्दा धेरै कम मात्रै काम भएको छ ।" एकातिर कामदार आफैँ पनि घर बाहिर जान त्रसित भएको र अर्कातिर सम्बन्धित पालिकाले आवतजावतमा कडाइ गरेकाले अधिकांश स्थानमा निर्माण अघि बढाउन नसकिएको प्रमुख केसीले बताउनुभयो । अहिले पनि धेरै पालिकाले नयाँ मान्छे आउनै नदिने वा आइहालेमा दुई साता क्वारेन्टिन बस्नुपर्ने व्यवस्था गरेको छ ।

उहाँले भन्नुभयो, "मजदूर आफैँ पनि सकेसम्म घरपरिवार छाडेर काम गर्न चाहेका छैनन् ।" आयोजनामा गत वर्ष कोभिड-१९ का कारण लक्ष्यभन्दा एक तिहाइ मात्रै कालोपत्र भएको थियो । तीन सय किमी कालोपत्रको लक्ष्य लिइएकामा ११३ किमी सडकमा कालोपत्र भएको थियो । गत वर्ष कालोपत्र गर्ने लक्ष्य लिएकोमा सडकमा आवश्यक सबै तयारी भइसकेकाले अहिले सहज अवस्था हुनासाथ कामले गति लिने पनि प्रमुख केसीले बताउनुभयो । पहाडी क्षेत्रलाई पूर्वदेखि पश्चिमसम्म जोड्ने सो आयोजना आगामी आव २०७९/८० मा सम्पन्न गर्ने लक्ष्य लिएको आयोजनाले जनाएको छ ।

## भूल सुधार

**वर्ष १३, २०७७ असोज १३ गते, असोज २० र २७ गते प्राविधि कारणले पहिलो पृष्ठमा अंक क्रमशः १०, ११ र १२ हुनुपर्नेमा अन्यथा हुनु गएकोमा सच्चाएको छ**

**- स**

